३.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव**, संवत् २०६२ सालको रिट नं. २९८६, उत्प्रेषण, प्रतिषेध परमादेश समेत, *भगवती नेपाली, कृषि विकास बैंक मुख्य कार्यालय समेत*

कानूनबमोजिमको कार्यविधि पूरा गरी निवेदिकालाई वर्खास्त गर्ने गरी कृषि विकास बैंक न्यायिक पुनरावेदन समितिसमेतको निर्णयलगायतका कामकारवाहीमा कुनै संवैधानिक एवं कानूनी त्रुटि नदेखिँदा मागबमोजिम जारी गर्न नमिल्ने।

इजलास अधिकृतः नारायणप्रसाद पोखरेल

इति सम्वत २०६५ फागुन ३० गते रोज ६ शुभम्।

४.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गौरी ढकाल,** संवत् २०६१ सालको रिट नं.३१०३, उत्प्रेषण, परमादेश समेत, *लक्ष्मी नारायण देव वि.लोक सेवा आयोग समेत*

रिट निवेदनमा निवेदक माग बमोजिम अधिकृत नवौं तहमा बढुवा भई प्रस्तुत रिट निवेदनको औचित्य पूरा भई सकेको हुँदा थप विचार गरिरहन नपर्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्यूटरः अन्जय पोखरेल

इति संवत् ०६५ साल चैत महिना २ गते रोज १ शुभम्

५.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गौरी ढकाल,** संवत् २०६० सालको रिट नं.३४६२, उत्प्रेषण परमादेश समेत, *लक्ष्मीनाथ श्रेष्ठ वि. शिक्षा तथा खेलकूद मन्त्रालय समेत*

स्पष्ट कानूनी आधार र कारणवीना नै गुज्रेको म्याद नघाई पुनरावेदन गरेको भन्ने सम्म कारण देखाई निवेदकलाई दायित्व थुपारी पूर्वाग्रही ढंगले निवेदकबाट रकम असूल गर्नुपर्ने गरी गरेको शिक्षा तथा खेलकूद मन्त्रालयको निर्णय नमिलेको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् ०६५ साल चैत महिना २ गते रोज १ शुभम्

६.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गौरी ढकाल,** संवत् २०६० सालको रिट नं.३३२५, परमादेश, *माधवकुमार रेग्मी समेत वि. नेपाल वायुसेवा निगम के.का.समेत*

सम्झौताबमोजिम विनियमसमेत संशोधन गरी पछिल्ला बर्षको सुविधा दिइएको समेत देखिएको अब विनियम संशोधनपूर्व नै अवकास पाएका कर्मचारीको हकमा उक्त व्यवस्था आकर्षित नहुने भन्न नमिल्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्यूटरः अन्जय पोखरेल

इति संवत् ०६५ साल चैत महिना २ गते रोज १ शुभम्

७.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** संवत् २०६१ सालको स.फौ.नं. ३३३७, भ्रष्टाचार, *भगवती नेपाली वि. केशरबहादुर के.सी. को प्रतिवेदनले नेपाल सरकार*

सजायमा कमी वा छुट हुने वा सजायवाट रिहाई पाउने कुनै कुराको जिकीर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ भन्ने व्यवस्था भएको र प्रस्तुत मुद्दामा पनि प्रतिवादीले आफ्नो प्रमाणपत्र सक्कली भएकोले सजायवाट रिहाई पाऊँ भने पनि सो कुराको प्रमाण पुऱ्याउन सकेको नदेखिएकोले केवल अदालतमा गरेको इन्कारीलाई नै मान्यता दिई निजको प्रमाणपत्र सक्कली भन्न सक्ने अवस्था नरहने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६५ साल फागुन महिना ३० गते रोज ६ शुभम्

यस्तै विषयवस्तुसँग सम्बन्धित निम्न मुद्दाहरूमा समेत यसैअनुरूप निर्णय भएको छः

- संवत् २०६३ सालको फौ.पु.नं. ३७७६, नक्कली प्रमाणपत्र, *रामजीत यादव वि. नेपाल सरकार*